नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री गणेश अर्याललेगरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-१६२ दायर मितिः-२०८१/०७/१३**

**फैसला मितिः-२०८१/१२/११**

| **वादी** | **प्रतिवादीहरु** |
|---|---|
| **हरेन्द्र पासवानको जाहेरीले** | **जिल्ला पर्सा बहुदरमाई न.पा.वडा नं.४ बस्ने रामाशिष यादवको** |
| **नेपाल सरकार.........................१** | **छोरा बर्ष ३२ को विजय यादवसमेत ८ जना ..........१** |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

## तथ्य-खण्ड

१. प्रतिवादीहरुले जाहेरवालाको छोरालाई गाली गलौज गर्दै हातपात समेत गरी अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त.।

२. प्रतिवादीहरुले जाहेरवालाको छोरालाई गाली गलौज गर्दै हातपात समेत गरी अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।

३. हामीलाई जाहेरवालाको छोराले गाली गलौज तथा हातपात गरेको हुँदा प्रतिकार गरेका हौं भन्ने व्यवहोराको प्रतिवादीहरु विकास यादव र वियज यादवको बयान कागज।

४. जाहेरवालाको छोरालाई गाली गलौज गर्दै हातपात समेत गरी अभद्र व्यवहार गरेकोले प्रतिवादीहरु कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका शिवबालक राउत समेतको घटनाविवरण कागज।

५. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।

६. प्रतिवादीहरु यस कार्यालयमा उपस्थित भई गरेको बयान ।

७. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।

८. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

## ठहर-खण्ड

यसमा प्रतिवादी विकास यादवले साविती बयान गरेको र अन्य प्रतिवादीहरु रामअशिष यादव, बिजय यादव, बिशाल यादव, सुनिल यादव, बिगाडु भन्ने उमाशंकर यादव, दिनानाथ यादव र राकेश मण्डलले ईन्कारी बयान गरेतापनि, विपक्षीहरु रामअशिष यादव, बिजय यादव, बिशाल यादव, विकाश यादव, सुनिल यादव, बिगाडु भन्ने उमाशंकर यादव, दिनानाथ यादव र राकेश मण्डल गाउँघरका उदण्ड किसिमका व्यक्ति हुन । मिति २०८१।०५।२१ गते तिज पर्वका दिन रातीको समयमा हाम्रो घर छिमेकमा महिलाहरुले नाचगान गरी रहँदा विपक्षीहरु मध्येका विशाल यादव, विगाडु भन्ने उमाशंकर यादव समेत हाम्रो घरदैलोमा आई महिला वर्गलाई जिस्काएको कुरामा विपक्षीहरुलाई सम्झाई बुझाई गर्दा उल्टै गाली गलौज गरी धाकधम्की दिई रिसईवी साधी बसेकोमा मिति २०८१।०७।०६ गते अं.१०:०० बजेको समयमा जिल्ला पर्सा बहुदरमाई न.पा.वडा नं.४ स्थित सडकमा मेरो छोरा विरेन्द्र पासवानलाई पूर्व रिसईवी साधी विपक्षीहरुको समुहले घेरा हाली लछारपछार गर्दै अन्दधुन्द हात मुकाले कुटपिट गरी घाइते बनाएकोमा सोही ठाउँमा रहेका मानिसहरुले देखी छुट्याई दिएका थिए । यसरी विपक्षीहरुले पूर्व रिसईवी साधी मेरो छोरालाई सार्वजनिक स्थानमा गाली गलौज तथा कुटपिट गरी अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीहरु विकास यादव र विजय यादवले गरेको बयान समेतको आधारमा यी प्रतिवादीहरुले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। यसरी जाहेरवालाको छोरालाई पूर्व रिसईवी साधी प्रतिवादीहरुले हातपात समेत गरी अभद्र व्यवहार गरेको तथ्य स्थापित हुन गएको देखिएको अवस्था समेतलाई बिश्लेषण गरी मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादीहरु विजय यादव र विकास यादवलाई कैद दिन ६, जनही जरिवाना रु.७०००/- अक्षरेपी सात हजार मात्र र जनही क्षतिपूर्ती शुल्क रु.२८०/- अक्षरेपी दुई सय अस्सी मात्र र अन्य प्रतिवादीहरु रामअशिष यादव, बिशाल यादव, सुनिल यादव, बिगाडु भन्ने उमाशंकर यादव, दिनानाथ यादव र राकेश मण्डललाई जनही जरिवाना रु.१००००/- अक्षरेपी दस हजार मात्र ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

## तपसिल खण्ड

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादीहरु विजय यादव र विकास यादवलाई ठहरेको कैद दिन ६ को हकमा निजहरु मिति २०८१/०७/०७ देखि २०८१/०७/१२ सम्म हिरासतमा बसी कैद भुक्तान गरिसकेको र जरिवाना तथा क्षतिपूर्ती शुल्कको हकमा निजहरुले क्रमशः र.नं.११० र १११/२०८१/०७/१३ बाट दाखिला गरेको जनही धरौटी रकम रु.७२८०/- बाट जनही जरिवाना रकम रु.७००० र जनही क्षतिपूर्ती शुल्क रु.२८०/- कट्टी गर्नु र अन्य प्रतिवादीहरु अन्य प्रतिवादीहरु रामअशिष यादव, बिशाल यादव, सुनिल यादव, बिगाडु भन्ने उमाशंकर यादव, दिनानाथ यादव र राकेश मण्डललाई ठहरेको जरिवानाको हकमा निजहरुले क्रमशः र.नं.२५५, २५६, २५७, २५८, २५९ र २६०/२०८१/११/२० बाट दाखिला गरेको जनही धरौटी रकम रु.१००००/- बाट जनही जरिवाना रु.१००००/- कट्टी गर्नु -----------------------------------------------------------------------------------------------------------१

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीहरुलाई पुनरावेदनको म्याददिनु----------------------------------------------------------------------------------------------------------१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु----------------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु----------------१

गणेश अर्याल
प्रमुख जिल्ला अधिकारी

ईति सम्बत् २०८१ चैत्र महिना ११ गते सोमवार रोज २/ ने.सं. ११४५ चिल्लागा दशमी, शुभम् ........